# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभागको

## Danish Kroner बैंक नोट सटही गर्ने सम्बन्धी सूचना

डेनमार्कको केन्द्रीय बैंकले सन् २०२५ मे ३१ पश्चात् कानूनी ग्राह्यता खारेज गरेका Danish Kroner (DKK) बैंकनोटहरू आफूसँग भएमा त्यस्ता नोटहरू २०८१ फागुन मसान्त (सन् २०२५ मार्च १३) भित्र प्रचलित व्यवस्था बमोजिम यस बैंकको बैंकिङ विभाग, बैंकिङ कारोबार गर्ने यस बैंकका प्रदेशस्थित कार्यालयहरू, विदेशी विनिमयको कारोबार गर्न यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, वा परिवर्त्य विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्र प्राप्त मनिचेञ्जरहरूबाट सटही गर्नु/गराउनु हुन सम्बन्धित सबैका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ । २०८१ फागुन मसान्त (सन् २०२५ मार्च १३) पश्चात् त्यस्ता बैंक नोटहरू सटही गर्न यस बैंकलगायत इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेञ्जरहरू र विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त निकायहरू बाध्य नहुने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । कानूनी ग्राह्यता खारेज गरिएका बैंकनोटहरू सम्बन्धी विस्तृत जानकारी डेनमार्कको केन्द्रीय बैंकको वेवसाइटमा उपलब्ध रहेको छ ।

*नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मिति: २०८१/११/०५ ।*